# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## बर्जु गाउँपालिका

## सुनसरी





**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## बर्जु गाउँपालिका

## सुनसरी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## बर्जु गाउँपालिका

### सुनसरी

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

निष्ठा *(Integrity)*

स्वतन्त्रता *(Independence)*

व्यावसायिकता *(Professionalism)*

पारदर्शिता *(Transparency)*

जवाफदेहिता *(Accountability)*

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, बर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दीअनुसार पदपूर्ति नभएको, दरबन्दी बेगरका कर्मचारी नियुक्ति गरेको,  उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित

नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय
कोशी प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ३९ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
बर्जु गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
सुनसरी ।

**कैफियतसहितको राय**

हामीले बर्जु गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ३ करोड ८५ लाख ७४ हजार बेरुजु देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बेरुजु बाँकी रहेकोमा असुल गर्नुपर्ने रू. ५१ लाख ७७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड १६ लाख ६२ हजार, नियमित गर्नुपर्ने रु ९२लाख ६४ हजार र पेश्की रू. २४ लाख ७१ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु १२ करोड २९ लाख ४४ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजू रु १६ करोड १५ लाख १८ हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका

व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

बर्जु गाउँपालिका, सुनसरी

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४४ | ७४ | ३८५७४ | ० | ० | ० | ४४ | ७४ | ३८५७४ | ५१७७ | ९२६४ | २१६६२ | ० | ० | ३०९२६ | २४७१ |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| | | प्रतिकृया प्राप्त नभएको | |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बर्जु गाँउपालिका सुनसरी | १२२९४४ | ० | | १२२९४४ | ० | ३८५७४ | १६१५१८ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : बर्जु गाउँपालिका, सुनसरी , बर्जु गाउँपालिका , सुनसरी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्रमोद कुमार चौधरी | २०७८-९-२३ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | उमेश घिमिरे | २०७७-११-१४ | २०७८-९-२२ |
| लेखा प्रमुख | विशेष गाैतम | २०७५-१२-२१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३८,५७३,८३४.८ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ८,३६,५०,३०९.३२ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३२,६१,५५,००० | **चालु खर्च** | ३०,०४,९१,९९९.८ |
| **प्रदेश सरकारबाट अनुदान** | २,४४,६७,००० | **पूँजीगत खर्च** | ११,२८,३६,९७४.३ |
| **राजश्व बाँडफाँट** | ८,९१,२२,०१०.९६ | **वित्तीय/अन्य व्यवस्था** | १३,४०,७७,२१७.६४ |
| **आन्तरिक आय** | १,१९,२८,३०७.९७ | | |
| **अन्य आय** | १०,१०,९८,२१४.८९ | | |
| **कुल आय** | ५५,२७,७०,५३३.८२ | **कुल खर्च** | ५४,७४,०६,१९१.७४ |

| बाँकी मौज्दात | ८,९०,१४,६५१.४ |
|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चितगरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु बर्जु गाउँपालिकाको उद्देश्य रहेको छ । बर्जु गाउँपालिका अन्तर्गत ६ वडा ३४ सभा सदस्य, ६९.४३ वर्ग किलोमिटर क्षेत्रफल तथा ३३ हजार १ सय ७८ जनसंख्या रहेको छ । | |
| २ | | | लेखापरीक्षण<br>पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिकलेखापरीक्षण योजना २०७९, निकायगतलेखापरीक्षण योजना, व्यवस्थापनप्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदनर अन्य विवरण समेतलाईआधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुनेसीमितता, कम समयमा धेरैकार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारणसम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरुलेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूनाछनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारितस्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेशगरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफलसम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्। | |
| ४ | | | **प्राप्ति तथा भुक्तानी हिसाब**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम वर्जुगाउपालिका सुनसरी ले प्राप्त गरेकोआय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको आर्थिक वर्ष २०७८।७९मा प्राप्ति र भुक्तानी हिसाबको समग्र संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

प्राप्ती भुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ४६,४१,३९,७३७.१० | ४६,६०,७२,०२४.३८ | | ४६,६०,७२,०२४.३८ | ४२,३९,६७,५२२.९१ | | ४२,३९,६७,५२२.९१ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४५,९९,९८,२४२.०० | ४६,१७,२२,३१०.८२ | ० | ४६,१७,२२,३१०.८२ | ४१,६३,५१,३६९.९१ | ० | ४१,६३,५१,३६९.९१ |
| ११००० कर | ११ | ९,४०,६९,०००.०० | १०,२३,९७,०७०.९२ | ० | १०,२३,९७,०७०.९२ | ७,७५,०७,३१५.९६ | ० | ७,७५,०७,३१५.९६ |
| १३००० अनुदान | | ३५,१६,९८,६२१.०० | ३५,०६,२२,०००.०० | ० | ३५,०६,२२,०००.०० | ३२,५७,०७,२४५.०० | ० | ३२,५७,०७,२४५.०० |
| संघीय सरकार | १२ | ३२,६१,५५,०००.०० | ३२,६१,५५,०००.०० | ० | ३२,६१,५५,०००.०० | ३०,६६,३४,८४५.०० | ० | ३०,६६,३४,८४५.०० |
| प्रदेश सरकार | १२ | २,५५,४३,६२१.०० | २,४४,६७,०००.०० | ० | २,४४,६७,०००.०० | १,९०,७२,४००.०० | ० | १,९०,७२,४००.०० |
| १४००० अन्य राजस्व | | १,०७,३०,६२१.०० | ८७,०३,२३९.९० | ० | ८७,०३,२३९.९० | १,३१,३६,८०८.९५ | ० | १,३१,३६,८०८.९५ |
| १५००० विविध प्राप्ति | | ३५,००,०००.०० | ० | ० | ० | ० | ० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ख. अन्य प्राप्ति | | ४१,४१,४९५.१० | ४३,४९,७१३.५६ | | ४३,४९,७१३.५६ | ७६,१६,१५३.०० | | ७६,१६,१५३.०० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ४१,४१,४९५.१० | ३,५०,०००.०० | ० | ३,५०,०००.०० | ७२,४०,०९३.०० | ० | ७२,४०,०९३.०० |
| धरौटी | | ० | ३९,९९,७१३.५६ | ० | ३९,९९,७१३.५६ | ३,७६,०६०.०० | ० | ३,७६,०६०.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ५३,०६,७५,१४६.१० | ४२,११,०६,९६२.८८ | | ४२,११,०६,९६२.८८ | ३६,९४,७९,४६२.५६ | | ३६,९४,७९,४६२.५६ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५२,६५,३३,६५१.०० | ४१,३३,२८,९७४.०८ | | ४१,३३,२८,९७४.०८ | ३५,५८,२२,१९५.५६ | | ३५,५८,२२,१९५.५६ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १५,१९,५१,०००.८९ | १३,७२,४९,४०८.६७ | ० | १३,७२,४९,४०८.६७ | ११,९२,७८,०२२.५१ | ० | ११,९२,७८,०२२.५१ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १९,३५,९०,२४१.११ | १५,१९,६६,५६२.१६ | ० | १५,१९,६६,५६२.१६ | १३,६७,०७,६४७.६८ | ० | १३,६७,०७,६४७.६८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २५००० सहायता (Subsidy) | १८ | १०,००,०००.०० | ८,९९,७५०.०० | ० | ८,९९,७५०.०० | ४९,०१,०१२.०० | ० | ४९,०१,०१२.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ६४,२४,०००.०० | ५८,६०,८७०.०० | ० | ५८,६०,८७०.०० | ४८,५२,००८.०० | ० | ४८,५२,००८.०० |
| २८००० अन्य खर्च | १८ | ५१,०५,४०९.०० | ४५,१५,४०९.०० | ० | ४५,१५,४०९.०० | ८६,९२,०९१.०७ | ० | ८६,९२,०९१.०७ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १६,८४,६३,०००.०० | ११,२८,३६,९७४.२५ | ० | ११,२८,३६,९७४.२५ | ८,१३,९१,४१४.३० | ० | ८,१३,९१,४१४.३० |
| घ. अन्य भूक्तानी | | ४१,४१,४९५.१० | ७७,७७,९८८.८० | | ७७,७७,९८८.८० | ३६,९४,७९,४६२.५६ | | ३६,९४,७९,४६२.५६ |
| कोषहरु | | ४१,४१,४९५.१० | ३५,२४,७४०.०० | ० | ३५,२४,७४०.०० | १,०५,७६,८४१.०० | ० | १,०५,७६,८४१.०० |
| धरौटी | | ० | ३१,६८,२५४.०० | ० | ३१,६८,२५४.०० | ३०,८०,४२६.०० | ० | ३०,८०,४२६.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | १०,८४,९९४.८० | | १०,८४,९९४.८० | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ङ. यो वर्षको बचत (न्युन) | | (६,६५,३५,४०९.००) | ४,४९,६५,०६१.५० | | ४,४९,६५,०६१.५० | ५,४४,८८,०६०.३५ | | ५,४४,८८,०६०.३५ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १,११,६५,८७३.१७ | | १,११,६५,८७३.१७ | २,२७,३१,८२०.८२ | | २,२७,३१,८२०.८२ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (६,६५,३५,४०९.००) | ५,६१,३०,९३४.६७ | | ५,६१,३०,९३४.६७ | ७,७२,१९,८८१.१७ | | ७,७२,१९,८८१.१७ |
| बैंक तथा नगद बाकी | २४ | | ५,७७,०९,९३४.६७ | | ५,७७,०९,९३४.६७ | ८,९३,५३,६०८.३९ | | ८,९३,५३,६०८.३९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **वित्तीय विवरण विश्लेषण** | |
| ४.१ | | | **समग्र आय व्यय —** प्राप्ति तथा भुक्तानी हिसावमा पालिकाको संञ्चितकोषमा यो वर्ष कुल बजेट रू. ४५ करोड ९९ लाख ९८ हजार रहेको छ । सो मध्ये संघ र प्रदेशबाट हस्तान्तरण भएको अनुदान रू. ३५ करोड ४ २२ हजार, संघ र प्रदेश सरकारको राजस्व बाँडफाँटबाट रू. ८ करोड ९१ लाख २२ हजार , आन्तरिक आयबाट रू.१ करोड १९ लाख २८ हजार र गत वर्षको मौज्दात रू. ७ करोड ८५ लाख ५४ हजार समेत रू. ५३ करोड २६ हजार आय प्राप्त गरेको देखिन्छ । प्राप्त आयबाट रू.४१ करोड ३३ लाख २९ हजार अर्थात ७७.९५ प्रतिशत खर्च गरी फिर्ता हुने रकम समेत रू. ११ करोड ६६ लाख ९७ हजार मौज्दात रहेको छ । स्वीकृत बजेट बमोजिम खर्च हुन नसक्नुका कारण पहिचान गरी सुधारका उपाय अवलम्वन गरी गुणात्मक तथा परिमाणात्मक रूपमा खर्चमा वृद्धि गर्नुपर्दछ । | |
| ४.२ | | | **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार लेखाङकन गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षण रु ८९९९४५५७।— सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>प्रणालीबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४.३</td><td></td><td></td><td>फरक हिसाब — यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२ ) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु ७२४८४४३६.१५, यस वर्षको प्राप्ति रु. ८६६९८५०९.४४ यस वर्षको भुक्तानी रु. १२६२९९२२८.७९र बैङ्क मौज्दात रु. ३२८८३७१६.७६ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।
<table>
<tr><th>विवरण</th><th>गतवर्षको जिम्मेवारी</th><th>यसवर्षको प्राप्ति (आय)</th><th>यसवर्षको भुक्तानी (व्यय )</th><th>बैङ्क मौज्दात</th></tr>
<tr><td>सुत्र अनुसारप्राप्ती तथा भुक्तानी हिसाव (म.ले.प.फा.नं.२७२)</td><td>१११६५८७३।१७</td><td>४६६०७२०२४।३८</td><td>४२११०६९६२।८८</td><td>५६१३०९३४।६७</td></tr>
<tr><td>एकीकृत आर्थिक विवरण अनुसार</td><td>८३६५०३०९।३२</td><td>५५२७७०५३३।८२</td><td>५४७४०६१९१।६७</td><td>८९०१४६५१।४३</td></tr>
<tr><td>फरक</td><td>७२४८४४३६.१५</td><td>८६६९८५०९.४४</td><td>१२६२९९२२८.७९</td><td>३२८८३७१६.७६</td></tr>
</table></td><td></td></tr>
<tr><td>४.४</td><td></td><td></td><td>बैक हिसाब मिलानः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम बैक खाता र श्रेस्ताको कारोबारको फरकलाई पुष्टि गर्ने बैक हिसाब मिलान विवरण (म.ले.प.फा.न. २१२ ) तयार गरी वित्तीय प्रतिवेदन साथ पेश गरेको देखिएन । पालिकाको देहाय बमोजम श्रेस्ता अनुसार आषाढ मसान्तको बैक मौज्दात रु ८८१९६४४२ देखिएकोमा</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सो अवधिमा बैक अनुसार बैक मौज्दात रु ९०८०२०९२ देखिएकोले श्रेस्ता भन्दा बैक बढी देखिएको रु २६०५६५० का सम्बन्धमा बैक हिसाब मिलान विवरण (म.ले.प.फा.न. २१२ ) तयार गरी बढी देखिएको रकम एकिन गरी आम्दानी बाँधिनुपर्दछ ।
<table>
<tr><th>खाताको नाम</th><th>श्रेस्ता अनुसारबाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th></tr>
<tr><td>चालु खर्च खाता</td><td>०</td><td>१९५१८८७</td></tr>
<tr><td>पूँजिगत खर्च खाता</td><td>०</td><td>१८३२२१०३।६६</td></tr>
<tr><td>स्थानीय तह धरौटी खाता</td><td>८४०६८५८।३३</td><td>८४०६८५८।२३</td></tr>
<tr><td>स्थानीय तह सञ्चित कोष खाता</td><td>७९३७३८५०</td><td>५९६७५६१८।०५</td></tr>
<tr><td>विविध कोष खाता</td><td>०</td><td>०</td></tr>
<tr><td>प्रकोप व्यवस्थापन खाता</td><td>१३८२०</td><td>३८४५७</td></tr>
<tr><td>राजश्व बाँडफाँड खाता</td><td>०</td><td>१२४६६२।७७</td></tr>
<tr><td>आन्तरिक राजश्व खाता</td><td>०</td><td>२९३५६२</td></tr>
<tr><td>अनुदान खाता</td><td>०</td><td>०</td></tr>
<tr><td>विविध खर्च खाता</td><td>४०१९१४</td><td>९५२९३५</td></tr>
<tr><td>स्थानीय तह विभाज्य कोष खाता</td><td>०</td><td>१०३६००८</td></tr>
<tr><td>जम्मा</td><td>८८१९६४४२</td><td>९०८०२०९२</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४.५</td><td></td><td></td><td>दायित्व हिसाब – पालिकाले सबै दायित्व वर्षान्तमा फरफारक गर्नुपर्दछ । पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्त विभिन्न भुक्तानीहरुमा कट्टी गरेको ना ल कोष, सावधिक विमा, सञ्चय कोषलगायतको रकम बढी दाखिला देखाएकले रिभर्स हिसाब मिलान गरेको देखिएन । यकिन भई सकेको दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.<table><tr><td>विवरण</td><td>बढी दायित्व भुक्तानी रकम</td></tr><tr><td>ना ल कोष, सावधिक विमा, सञ्चय कोष</td><td>१०८४९९८</td></tr></table></td><td>१,०८४,९९८</td></tr>
<tr><td>५</td><td></td><td></td><td>अनुदानको उपयोग र फिर्ता</td><td></td></tr>
<tr><td>५.१</td><td></td><td></td><td>समानीकरण अनुदान रकमको उपयोग: राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्यकोषबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानीकरण रकमको उपयोग गर्दा सो रकमबाट वजेट विनियोजन गरी अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवं सञ्चालन आदिमा खर्च गर्न नपाईने व्यवस्था छ । आयोगको मार्गदर्शन विपरित पालिकाले देहाय बमोजिम प्रशासनिक एवं सञ्चालन प्रकृतिका कार्यमा खर्च गरी भुक्तानी दिएको देखिएकोले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।<table><tr><td>खर्च शीर्षक</td><td>खर्च रकम</td></tr><tr><td>फिल्ड भत्ता</td><td>३५०००</td></tr></table></td><td></td></tr>
<tr><td>५.२</td><td></td><td></td><td>प्रशासनिक खर्च: अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २१(४) मा प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजश्व र यस ऐन बमोजिम राजश्व बाँडफाडबाँट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । त्यस्तै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा राजश्व बाँडफाँडबाट प्राप्त हुने रकमको उपयोग गर्दा मूलतः सामाजिक सेवा र आर्थिक सामाजिक क्षेत्रमा उपयोग गर्ने, प्रशासनिक खर्च आफ्नो आन्तरिक आयबाट व्यवस्थापन गर्ने तर अत्यावश्यक प्रशासनिक खर्चको लागि आफ्नो आन्तरिक आय अपर्याप्त भएको अवस्थामा मात्र किफायती रुपमा उपयोग गरी बाँकी रकम विकास निर्माण र सार्वजनिक सेवामा खर्च गनुपर्ने गरी बजेट विनियोजन गर्नुपर्नेगरी मार्गदर्शन तय गरेको छ । पालिकाले</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आफ्नो आन्तरिक आयबाट रु १ करोड १९ लाख २८ हजार र राजश्व बाँडफाँडवाट रु ८ करोड ९१ लाख २२ हजार गरी रु १० करोड १० लाख ५० हजार आय प्राप्त भएको देखिएकोमा प्रशासनिक खर्च वापत रु ८ करोड ८६ लाख ५५ हजार अर्थात (८७।७३ ) खर्च भएको देखिएको छ । प्राप्त राजश्व बाँडफाँड रकम मूलतः सामाजिक सेवा, विकास निर्माण र सार्वजनिक सेवामा विनियोजन नगरी दैनिक प्रशासनिक कार्यमा विनियोजन गरी अधिकतम खर्च गरेकोले आन्तरिक श्रोत वृद्धि गरी मितव्ययीपूर्वक मार्गदर्शन बमोजिम खर्च गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५.३</td><td></td><td></td><td>निकासा फिर्ता: विनियोजन ऐन, २०७८ को दफा ४ (१२) मा सशर्त, समपुरक र विशेष अनुदानको रकम आर्थिक वर्ष भित्र खर्च नभइ बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत आर्थिक वर्ष समाप्त भएको १५ दिन भित्र संघीय सञ्चित कोषमा दाखिला गनुपर्ने व्यवस्था छ । त्यस्तै प्रदेश नं १ को विनियोजन ऐन, २०७८ को दफा ४(१३) मा सशर्त, समपुरक र विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमार्फत प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गनुपर्ने व्यवस्था छ । पालिकाको प्राप्ती तथा भुक्तानी हिसाब बमोजिम सशर्त, समपुरक र विशेष अनुदानको रकम रु.३८९७९३८०।८ असार मसान्तसम्म खर्च नभई मौज्दातमा रहेको देहाय बमोजिम देखिएको छ । ऐन अनुसार संघीय सञ्चितकोषमारु. ३७००५७२४ र प्रदेश सञ्चितकोषमा रु. २०५३६५६।९७ गरी सम्बन्धित खातामा दाखिला गर्नुपर्नेमा २०७९।३।३० मा संघीय संञ्चित कोषमा ३३२७९७२९ र प्रदेश सञ्चित कोषमा रु १३५९८३७ दाखिला गरेको देखिएकोले बाँकी दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>बाँकी रकम</th></tr>
<tr><td>संघीय सरकार</td><td>सशर्त</td><td>३७००५७२४</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>सशर्त</td><td>१७९०३९०।८०</td></tr>
<tr><td></td><td>समपुरक</td><td>२६३२६६</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३८९७९३८०।८</td></tr>
</table></td><td>४,३३९,८१४.८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **बजेट तथा कार्यक्रम** | |
| ६.१ | | | **वार्षिक बजेट तथा कार्यक्रम स्वीकृति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६, ६७ र ७१ बमोजिम वार्षिक आय-व्ययको प्रक्षेपण, वितरणको खाका र बजेट सीमाभित्र रही तयार गरेको वार्षिक बजेट तथा कार्यक्रम कार्यपालिकाबाट स्वीकृत गरी आषाढ १० भित्र सभामा पेश गरी सोही महिनाको अन्त्यसम्म बजेट पास गरिसक्नुपर्ने व्यवस्था छ । पालिकाले आ.व. २०७८।७९ को वार्षिक कार्यक्रम तथा बजेट मिति २०७८। ३।१० मा रु ५२ करोड ६५ लाख ३३ हजार बजेट सभा समक्ष पेश गरी सभाले मिति २०७८।३।३० मा पारित गरी अध्यक्षले मिति २०७८।४।६ प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिएको छ । पारित गरेको बजेट स्थानीय सरकार सञ्चालन ऐनले तोकेबमोजिम कार्यतालिकाको अवधिभित्र र तोकेको प्रकृया पूर्ण रुपमा अवलम्वन भएको नदेखिएकोले निर्धारित अवधिभित्र कानूनी प्रक्रिया पूरा गरी बजेट पारित गरिनुपर्दछ । | |
| ६.२ | | | **योजना तथा बजेट कार्यान्वयन** - यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन<br>• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।<br>• आर्थिक वर्षको अन्त्यमा अत्याधिक पूँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पूँजीगत बजेट रु.१६ करोड ८४लाख ६३ हजार भएकोमा प्रथम त्रैमासिकमा रु.२ करोड ३३ लाख ५ हजार दोश्रो त्रैमासिकमा रु.३ करोड ९४ लाख ३ हजार तेस्रो त्रैमासिकमा रु.५ करोड १ लाख २८ हजार र असार महिनामा मात्रै रु.३ करोड १६ लाख ५३ हजार भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ ।<br>• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु.१० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.१६ करोड ३५ लाखको ३५ हजार खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा ३ अनुसार १० प्रतिशत भन्दा बढी बजेट थपघट नगरसभाको निर्णयबाट रु. २ करोड १४ लाख ३५ हजार रकमान्तर गरेको छ। उक्त | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>रकम बजेटको उल्लेखित बजेटको रु १७ करोड १६ लाख ५४ हजार को तुलनामा १२ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।<br>• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायले स्वीकृत चौमासिक कार्यक्रम बमोजिम प्रगति तयार गरी नियम ३६ बमोजिम समिक्षा गर्दा कम प्रगति भएको देखिएमा सो को कारण पहिचान गरी सुधारको लागि चाल्नुपर्ने कदम समेत उल्लेख गर्नुपर्ने व्यवस्था भएकोमा यस वर्ष स्वीकृत भएका २५८ पूँजिगत कार्यक्रम मध्ये ६५ कार्यक्रममा शून्य प्रगति भएको देखिदा सोको कारण पहिचान गरी सुधारको लागि चाल्नुपर्ने कदम उल्लेख गरेको पाइएन ।<br>उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउनेतर्फ ध्यान पर्दछ ।</td><td></td></tr>
<tr><td>६.३</td><td></td><td></td><td>अबण्डा बजेट- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले देहाय बमोजिम रू.१ करोड ८० लाख अबण्डा राखी बजेट तथा कार्यक्रम स्वीकृत गरेको छ । अबण्डा रकम कार्यपालिकाको निर्णयबाट पछि बाँडफाँड गरी पटके आयोजना र कार्यक्रममा खर्च हुने एवं वित्तीय अनुशासन पालना नहुने लगायतका अवस्था रहेको छ । अबण्डा राखी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।<br><table><tr><td>बजेट शीर्षक</td><td>विनियोजन रकम</td></tr><tr><td>समपुरक म्याचिङ फण्ड</td><td>१५००००००</td></tr><tr><td>प्रदेश म्याचिङ फण्ड</td><td>३००००००</td></tr><tr><td>जम्मा</td><td>१८००००००</td></tr></table></td><td></td></tr>
<tr><td>६.४</td><td></td><td></td><td>योजनाको प्राथमिकीरण - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवाधिक योजना बनाई लागू गर्नुपर्ने</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पानदमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा निम्नानुसार बजेट विनियोजन गरेको छ।
<table>
<tr><th>क्र. सं.</th><th>विवरण</th><th>योजना संख्या</th><th>खर्च रकम</th></tr>
<tr><td>१</td><td>५ लाख भन्दा कमका योजना</td><td>५४</td><td>१३०४५४४९</td></tr>
<tr><td>३</td><td>५ लाख देखि २०लाख सम्मका योजना</td><td>२१</td><td>२०१०७०२९</td></tr>
<tr><td>४</td><td>२० लाख माथिका योजना</td><td>७</td><td>४९६२५५३०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८२</td><td>८२७७८००८</td></tr>
</table>
<ul>
<li>उल्लेखित योजनाका कार्यहरु गराउदा लाभग्रही समुदायबाट रु १०९८७३८८ र सिधै तथा बोलपत्र विधिबाट रु ७१७९०६२० गरी रु ८२७७८००८ खर्च भएको छ ।</li>
<li>उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।</li>
<li>त्यसैगरी यो वर्ष सभाले पारित गरेका कार्यक्रम तथा योजना मध्ये ८४ योजनामात्र कार्यान्वयन भएको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।</li>
</ul>
</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>संगठन तथा कर्मचारी व्यवस्थापन</td><td></td></tr>
<tr><td>७.१</td><td></td><td></td><td>कर्मचारी व्यवस्थापन - पालिकाको कार्य सञ्चालनभित्र पूर्वाधार निर्माण, शिक्षा, सामाजिक सुरक्षा, कृषि तथा पशु, स्वास्थ्य, कर तथा शुल्क, न्याय सम्पादन, बजेट नीति तथा योजना लगायतका कार्यसम्पादन गर्ने विषयगत क्षेत्र तोकिएको छ । सो कार्य सम्पादन गर्न पालिकाको</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लागि ६१ कर्मचारी दरबन्दी स्वीकृत भएकोमा २०७८।०३।३१ सम्म कर्मचारी समायोजन ऐन बमोजिम ३९ जना समायोजन भएको र प्रदेश लोक सेवाबाट १४ र अन्य १ पदपुर्ति गरी ५१ जना दरबन्दी स्थायी पदपूर्ति भई ८ पद रिक्त रहेको छ। रिक्त पद मध्ये कृषितर्फका ३ जना पदपूर्तिको लागि प्रदेश लोक सेवा आयोगमा २०७८ भाद्रमा पठाएकोमा बाँकी ५ दरबन्दी पदपूर्तिको लागि पठाएको देखिएन । विषयगत कार्यक्रम सञ्चालन गरी सेवाप्रवाह गर्न दरबन्दी बमोजिम पदपुर्ति नहुँदा कार्य सम्पादनमा असर परेको छ। रिक्त पदहरू पूर्ति गर्न प्रदेश लोक सेवा आयोगमा माग आकृति फारम पठाई सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ । | |
| ७.२ | | | **तलबी प्रतिवेदन-** निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खुवाउन नहुने उल्लेख छ।पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ कर्मचारीको रु १९२१८७३९ र पालिकाका चालुतर्फ कर्मचारीको रु.२४०७७३८२ गरी रु. १३०९५६८१६ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब खुवाउनुपर्छ । | |
| ७.३ | | | **कर्मचारी करार**-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । यो वर्ष पालिकाले विभिन्न कर्मचारी करारमा राखी राजश्व बाँडफाँडबाट करार सेवा शुल्कमा रू. १ करोड १४ लाख ९६ हजार६२५ खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पल्म्बर, इलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । यो वर्ष पालिकाले करारमा राख्न नपाउने ११ पदमा करारमा नियुक्ति भएका कर्मचारीलाइ रू.३१९९३०० पारिश्रमिक भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु | ३,१९९,३०० |
| ७.४ | | | **कानुनी सल्लाहकार-** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड बनाई यस्तो खर्च लेख्ने उल्लेख गरे तापनि सो अनुसार मापदण्ड बनाएको देखिएन ।पालिकाले यस वर्ष १ जना कानूनी सल्लाहकार नियुक्त गरी मासिक रु.१८००० का दरले चाडपर्व खर्च र पोशाक समेत रु २१६००० पारिश्रमिक | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>भुक्तानी दिएको छ । सल्लाहकार नियुक्ति गर्दा स्पष्ट कार्य विवरण तयार गरी सोको मूल्याङ्कनको आधारमा भुक्तानी दिने व्यवस्था गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>सम्पत्ति उपयोग र संरक्षण</td><td></td></tr>
<tr><td>८.१</td><td></td><td></td><td>सम्पत्ति तथा जग्गाः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ मा कुनै कर्मचारीको जिम्मामा रहेको सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । यस पालिकामा रहेका सम्पत्तिहरूमध्ये केहि सम्पतिको विवरण देहाय अनुसार छ ।
<table>
<tr><th>मुख्य सम्पति तथा मालसामानको नाम</th><th>जग्गाको क्षेत्रफल</th><th>भवन तथा सवारीको परिमाण</th><th>मूल्य रकम</th><th>प्रयोग/कैफियत</th></tr>
<tr><td>जग्गा भवन</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>जिप, कार, भ्यान</td><td></td><td>२</td><td>४८९००००</td><td></td></tr>
<tr><td>मोटरसाईकल</td><td></td><td>२४</td><td>५८९४४५५</td><td></td></tr>
</table>
<ul>
<li>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन । जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।</li>
<li>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ मा प्रत्येक कार्यालयले कार्यालय बसेको सरकारी घर, जग्गा तथा कार्यलय अन्तरगतको सरकारी घर जग्गाको लगत महालेखा परीक्षकको स्वीकृत ढाँचामा राख्नुपर्ने</li>
</ul></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | व्यवस्था अन्तरगत सरकारी घर जग्गाको लगत राखेको देखिएन तथा सरकारी कार्यलयको नाममा रहेको जग्गाको जग्गाधनी पूर्जा लिन रहेकोले जग्गाधनी पूर्जा प्राप्त गर्ने कारबाही अगाडी बढाएको पाईएन ।<br>• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९६ बमोजिम मूल्य नखुलेका सम्पति तथा जिन्सी सामानको मूल्य कायम गरेको पाईएन ।<br>• सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धि मापदण्ड, २०७७ को दफा ३ मा सरकारी विद्यालय, सरकारी स्वास्थ्य केन्द्र वा सरकारी अस्पताल वा सरकारी प्रयोजनका लागी जग्गा आवश्यक भई त्यस्तो स्थानमा सरकारी जग्गा नरहेको वा भएपनि प्रयोग गर्न उपयुक्त नरहेको कारण त्यस्तो स्थानमा रहेको सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपयुक्त र आवश्यक देखिएमा नेपाल सरकारले प्रयोग गर्न स्वीकृति दिन सक्ने व्यवस्था अन्तर्गत पालिकाले भवन निर्माण गर्दा स्वीकृत लिएको देखिएन । | |
| ८.२ | | | **सार्वजनिक सम्पति व्यवस्थापन प्रणालीः** नेपाल सरकार मन्त्रिपरिषदको २०७७।७।२० को निर्णय अनुसार सबै तहको सरकारी कार्यालयहरुको सार्वजनिक कोषको खर्चमा वित्तीय पारदर्शिता र जवाफदेहिता साथै विद्युतीय सुशासन कायम गरी सेवा प्रवाहमा चुस्तता र गुणस्तरीय र प्रभावकारिता कायम गर्न सार्वजनिक सम्पत्तिको लेखाङकन, प्रतिवेदन र एकीकृत विवरण तयार गर्न संघ र प्रदेशका सबै कार्यलयहरु एवं सबै स्थानीय तहमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली ( PAMS ) आ.व. २०७७।७८ देखि अनिवार्य रुपमा लागू गरेको छ । यस वर्ष पालिकाले सार्वजनिक सम्पत्तिको व्यवस्थापन प्रणाली PAMS बाट सम्पत्ति तथा जिन्सीको अभिलेख राख्न शुरु गरेको देखिए पनि सम्पूर्ण जिन्सी खाताको अभिलेख सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली ( PAMS ) मा अद्यावधिक गरी ल्याएको देखिएन । सार्वजनिक सम्पत्तिको व्यवस्थापन प्रणाली PAMS मा पालिकाले विगत वर्षमा प्राप्त गरेका सम्पूर्ण जिन्सी सामानको अभिलेख अद्यावधिक गरीनुपर्दछ । | |
| ८.३ | | | **यन्त्र उपकरण सञ्चालन-** पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आयको अभिलेख राख्नुपर्दछ । पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विश्लेषण समेत गरेको पाइएन । उपकरण पालिका आफैले तथा भाडामा सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो । यसरी सञ्चालन हुँदा यन्त्र | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उपकरण सञ्चालन व्यवस्थित हुन सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ । | |
| ८.४ | | | **सार्वजनिक जग्गा** - नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालयले सरकारी तथा सार्वजनिक जग्गाको राष्ट्रिय अभिलेख व्यवस्थापन गरी संरक्षण गर्नुपर्ने, जग्गा प्रशासन निर्देशिका, २०५८ को बुँदा नं. ४१४ मा सरकारी र सार्वजनिक जग्गा अनुसूची १९ र २० बमोजिमको ढाँचामा दर्ता गरी अभिलेख अद्यावधिक राख्नुपर्ने व्यवस्था छ। त्यस्तै स्थानीय सरकार सन्चालन, ऐन २०७४ को दफा ९७ मा पलिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, अन्य सार्वजनिक सम्पत्ति, सार्वजनिक प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ । पालिकाले मालपोत कार्यालयबाट सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख लिइ सार्वजनिक संरचनाको समेतको त्यस्ता सम्पत्तिको अद्यावधिक अभिलेख राखी तथा अनुगमन गरेको देखिएन। सार्वजनिक जग्गाको अद्यावधिक अभिलेख प्राप्त गरी अनुगमन नभएको कारण समेतबाट सार्वजनिक,पर्ति जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे, नरहेको र त्यस्ता सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै ब्यहोराले हक हस्तान्तरण वा लिजमा दिए, नदिएको सम्बन्धमा एकिन हुन सकेन । कानुन बमोजिम सबै मालपोत कार्यालयबाट सरकारी सार्वजनिक जग्गाको अभिलेख प्राप्त गरी सरकारी/सार्वजनिक जग्गाको एकीकृत अभिलेख प्राप्त गरी सार्वजनिक जग्गा तथा सम्पत्तिको संरक्षण गरीनुपर्दछ । | |
| ९ | | | **कानून निर्माण एवं कार्यान्वयन** | |
| ९.१ | | | **कानून निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ३० नमूना कानून उपलब्ध गराएको देखिएको र स्थानीय तहको लागि ४० भन्दा बढी कानून आवश्यक पर्ने अवस्था रहेको छ । पालिकाले हालसम्म ९ ऐन, ३ नियमावली, ३० कार्यविधि र १ निर्देशिका निर्माण गरी कार्यान्वयनमा आएको छ । सेवा प्रवाहको लागि आवश्यक पर्ने कानून र राजस्व सङ्कलन तथा खर्च व्यवस्थापनलाई व्यवस्थित गर्न अति आवश्यक कानुन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन बनाएको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आवश्यकता अनुसार कानून बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाहमा समेत प्रभावकारिता आउन सकेको छैन । कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक पर्ने, आफ्नो अधिकार क्षेत्रभित्रको आवश्यक कानून बनाई गाउँपालिकाको कार्यप्रकृयालाई व्यवस्थित गरिनुपर्दछ । | |
| ९.२ | | | **न्यायिक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्ममा अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाको गतवर्ष फछ्र्यौट कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ६९ र यो वर्ष थप भएको १७ वटा गरी विवाद ८६ दर्ता भएकोमा २० फछर्यौट भई ६६ फछर्यौट हुन बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछर्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १० | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |
| १०.१ | | | **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छनः<br>• पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रम रु.१४ लाख खर्च गरेको छ ।<br>• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।<br>• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्न सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन । सञ्चालित योजनाको सूचनापाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो ।<br>• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको देखिएन ।<br>• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.४५ लाख ७० हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलब्धिको मूल्याङ्कन गरेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू ५६ लाख ५६. हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।<br>• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।<br>• पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन ।<br>• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तसर्थः पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १०.२ | | | **सूचना प्रविधिको प्रयोग -** सेवा प्रवाहलाई छिटो छरितो र व्यवस्थित गर्न सूचना प्रविधिको प्रयोग बढाउँदै लैजान आवश्यक छ । पालिकाले हरेक वर्ष राजस्व,लेखा, जिन्सी व्यवस्थापन सम्बन्धी सफ्टवयेर खरिद गरी प्रयोगमा ल्याएको र घर नक्सा पासको प्रकृयालाई समेत सूचना प्रविधिमा आबद्ध गरेकाले स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) ले लेखा अभिलेख र प्रतिवेदन कार्यलाई व्यवस्थित गर्न सहयोग पुगेको अवस्था छ । यो वर्ष विभिन्न प्रकारका जिन्सी व्यवस्थापन आन्तरिक आय लेखाङ्कन एवं लेखा सम्बन्धी सफ्टवयेर खरिद तथा मर्मत गरेको छ । सूचना प्रविधि क्षेत्रमा गरेको लगानी र प्रयासका बाबजुद सेवा प्रवाहमा अपेक्षित सुधार हुनसकेको छैन र खरिद गरेका सफ्टवयेरहरू पूर्णरूपमा कार्यान्वयनमा ल्याउन नसकेको अवस्थामा सुधार गरी सूचना प्रविधिको उच्चतम प्रयोगबाट सेवा प्रवाहलाई चुस्त बनाउनु पर्दछ। | |
| ११ | | | **खरिद तथा ठेक्का अभिलेख** | |
| ११.१ | | | **खरिद कार्यको अभिलेख :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीकोनिम्ति छुट्टै फाइल खडा गरी राखुपर्ने व्यवस्था छ । यस वर्ष गाउँपालिकाले हरेक खरिद कारवाहीको व्यवस्थित अभिलेख गरी फाइल खडा गरी राखेको देखिएन । सार्वजनिक खरिद नियमावली बमोजिम खरिद कारवाहीको छुट्टै फाइल खडा गरी राखुपर्दछ । | |
| ११.२ | | | **ठेक्का अभिलेखः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २५ मा स्थानीय तहले महालेखापरीक्षकले स्वीकृत गरेको लेखा ढाँचामा लेखा राखुपर्ने व्यवस्था छ । गाउँपालिकाले ठेक्काबाट भएको कामको अभिलेख देखिने म ले प फा नं. ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं. ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राखेको देखिएन । कानुन बमोजिम स्वीकृत म ले प फारम प्रयोग गरी ठेक्काबाट भएको कामको अभिलेख राखिनुपर्दछ । | |
| १२ | | | **आर्थिक सहायता**<br>**आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. २८ लाख आर्थिक सहायता | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | वितरण गरेको छ । वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ । | |
| १३ | | | **शैक्षिक व्यवस्थापन** | |
| १३.१ | | | **अनुगमनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)मा सर्वसामान्यतामा असर नपर्नेगरी पालिकाको काम कर्तव्य अधिकारको खण्ड (ज) (२१) मा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम र नियमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रका विद्यालयहरुले विद्यालय लेखमान दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर , नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला गरे नगरेको र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारीश्रमिक सुविधा अनिवार्य रुपमा बैक खाता मार्फत भुक्तानी भए नभएको, विद्यालय सुधार योजना, सामाजिक परीक्षण र आर्थिक कारोबारको लेखापरीक्षण गरे नगरेको जस्ता विषयहरु समेतलाई ध्यान दिई विद्यालय अनुगमन मापदण्ड निर्धारण गरी विद्यालयको अनुगमन नियमन गरेको प्रतिवेदन देखिएन । उल्लेखित विषयहरुलाई समेत आधार लिई अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गरिनुपर्दछ । | |
| १३.२ | | | **निजी विद्यालय व्यवस्थापनः** पालिकाले निजी विद्यालयहरूको व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी सो को आधारमा अनुगमन गर्नुपर्दछ । पालिकाले निजी विद्यालयहरूको व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको नगरेकोले निजी विद्यालयहरूको व्यवस्थापन तथा शुल्क निर्धारण स्थितीको मूल्याङकन गर्ने अवस्था देखिएन । पालिकाले निजी विद्यालयहरूको व्यवस्थापन र अनुगमन मापदण्ड स्वीकृत गरी अनुगमन गर्नुपर्दछ । | |
| १३.३ | | | **सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ मा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । यस पालिकाले आ.व.२०७८।७९ मा विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्र भित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१३.४</td><td></td><td></td><td>विद्यालयगत अभिलेखः शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७८/२०७९ मा स्थानीय तहले दरबन्दी मिलानबाट कायम भएको दरबन्दी, शिक्षक अनुदान कोटा, प्राविधिक धार, प्रारम्भिक बाल विकास सहजकर्ता र विद्यालय कर्मचारी अनुदानमा कार्यरत शिक्षक, प्रशिक्षक तथा कर्मचारीको विद्यालयबाट प्राप्त मागफारम रुजुगरी निर्धारित तलब भत्ता, पोशाक खर्च, चाडपर्व खर्च अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाको क्षेत्रभित्र रहेका विद्यालयको दरबन्दी मिलान नगरी तलब भत्तामा अनुदान खर्च लेख्ने गरेको छ । साथै नेपाल सरकार मन्त्रिपरिषदबाट साविकमा नेपाल सरकारले जिल्लागत रुपमा उपलब्ध गराएको आधारभूत र माध्यामिक विद्यालयको शिक्षक दरबन्दी तथा राहत कोटालाई स्थानीय तहगत रुपमा बाँडफाँड भए बमोजिमको शिक्षक दरवन्दी तथा पदपूर्ति र सोही बमोजिम अनुदान निकासाको बिद्यालयगत अभिलेख अद्यावधिक राखिनुपर्दछ । भएको छ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>धरौटी तथा कोष<br>रिटेन्सन मनि फिर्ताः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४(२)मा खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले कार्य सम्पन्न गरेपछी कट्टा गरेको रिटेन्सन मनि सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहाय बमोजिम रिटेन्सन मनि वापत कट्टा भएको रकम सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात नलिई विगत वर्षको कर चुक्ता पत्रको आधारमा फिर्ता दिएकोले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><td>गो भौ नं</td><td>आपूर्तिकर्ता</td><td>रिटेन्सन मनि</td><td>कैफियत</td></tr>
<tr><td>२४/२०७८/६/२५</td><td>जय कन्स्ट्रक्सन, जय प्रिन्टिङ्ग प्रेस</td><td>५५६८१२</td><td></td></tr>
<tr><td>४१/२०७८/९/५</td><td>न्यू कालिका कन्स्ट्रक्सन</td><td>१४९९४२</td><td></td></tr>
<tr><td>४४/२०७८/९/२२</td><td>न्यू कालिका कन्स्ट्रक्सन</td><td>३३६१६५</td><td></td></tr>
<tr><td>५४/२०७८/१०/१६</td><td>होदा कन्स्ट्रक्सन</td><td>१३८४९१</td><td></td></tr>
</table></td><td>१,५२५,३९६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५५/२०७८/१०/१८</td><td>न्यू कालिका कन्सट्रक्सन</td><td>२०८४८४</td><td></td></tr>
<tr><td>५७/२०७८/१०/१८</td><td>सुभाष निर्माण सेवा</td><td>१३५५०२</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>१५२५३९६</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>
पेश्की बाँकी<br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ५०(३)मा कार्यालयले सम्झौताको शर्त अनुसार दिईने पेश्की र भ्रमणको निमित्त दिईने पेश्की बाहेक चालु आर्थिक वर्षको अन्तसम्ममा फछ्र्यौट हुन नसक्ने पेश्की दिन हुदैन भन्ने व्यवस्था छ। पालिकाले दिएको निम्नानुसारको पेश्की चालु आर्थिक वर्षको अन्तसम्ममा फस्यौंट भएको नपाइएकोले पेश्की फस्यौट गर्नुपर्ने रु
<table>
<tr><th>पेश्की लिएको मिति</th><th>पेश्की लिनेको नाम</th><th>विवरण</th><th>म्याद ननाघेको पेश्की</th><th>म्याद नाघेको पेश्की</th></tr>
<tr><td>२०७८/०५/११</td><td>जोशी निर्माण सेवा प्रा.लि.</td><td>समपुरक कोष</td><td>१८,८१,५००</td><td></td></tr>
<tr><td>२०७८/०५/१७</td><td>जोशी निर्माण सेवा प्रा.लि.</td><td>समपुरक कोष</td><td>१४,८१,५००</td><td></td></tr>
<tr><td>२०७८/०९/०७</td><td>आर के निर्माण सेवा</td><td>वडा नं २ भीमनगर स्वास्थ्य चौकि देखि दक्षिण बर्जु ३ को फारमचौक हुदै दमडी चौक सम्म बाटो कालोपत्रे</td><td></td><td>१३,२३,८६५</td></tr>
<tr><td>२०७८/०९/०७</td><td>श्री आर.के.निर्माण सेवा</td><td>बर्जु २ भिमनगर देखि दक्षिण बर्जु ३ को कर्मागत सडक कालो पत्रे (गाउँ गौरव)</td><td>३५,००,०००</td><td></td></tr>
</table>
</td><td>२,४७०,७३३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/०९/०९ | श्री आर.के.निर्माण सेवा | बर्जु ४ पुलकित चौक देखि पृथ्वी चौक हुदै बर्जु ३ को बैरिया टोल जोडने बाटो | ३१,००,००० | | |
| | | | २०७८/०९/०९ | श्री आर.के.निर्माण सेवा | बर्जु ५ अमाहिवेल्हा सिमाना देखी उत्तर चिमडी बजारको हुलाकी मार्ग सम्म जोड्ने सडक कालोपत्रे | ३१,००,००० | | |
| | | | २०७८/११/०५ | दिनेश निर्माण सेवा | बर्जु ५ को गाउँपालिका स्तरिय खेल मैदान निर्माण | ६२,७८४ | | |
| | | | २०७८/११/०५ | दिनेश निर्माण सेवा | बर्जु ४ मा योग तथा आयूर्वेद भवन निर्माण | १,७८,०६९ | | |
| | | | २०७८/११/१५ | दिनेश निर्माण सेवा | बर्जु ४ मा योग तथा आयूर्वेद भवन निर्माण | १,७०,००० | | |
| | | | २०७८/१२/२३ | दिनेश निर्माण सेवा | तारजाली क्रेटिङ्ग (टेङ्ग्रा खोला) वडा नं ६ | १,१५,००० | | |
| | | | २०७८/१२/२९ | उत्तरा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | गापा सँग साझेदारि गरि वडा नं ६ अन्तर्गतका सडक स्तरोन्नती | ६,००,००० | | |
| | | | २०७८/१२/२९ | उत्तरा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | राष्ट्रिय गौरवको रुपमा रहेको बर्जुतालको विचको मंदिरको स्तरोन्नती तथा मंदिरजाने तालमा झोलुगें पुल | २,४५,००० | | |
| | | | २०७८/१२/३० | दिनेश निर्माण सेवा | तारजाली क्रेटिङ्ग (टेङ्ग्रा खोला) वडा नं ६ | १,१४,५०० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/०१/०५ | उत्तरा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | समपुरक कोष | ६,००,००० | | |
| | | | २०७९/०१/०५ | उत्तरा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | राष्ट्रिय गौरवको रुपमा रहेको बर्जुतालको विचको मंदिरको स्तरोन्नती तथा मंदिरजाने तालमा झोलुगें पुल | २५,००० | | |
| | | | २०७९/०१/१९ | उत्तरा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | विद्यालय कक्षाकोठा निर्माण अनुदान | ६,५६,००० | | |
| | | | २०७९/०१/२५ | उत्तरा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | विद्यालय कक्षाकोठा निर्माण अनुदान | ३,९४,००० | | |
| | | | २०७९/०३/०५ | दिनेश निर्माण सेवा | रामसिता मावि ,जनकल्याण मावि ,पुर्णदिवि आवि भुक्तानी बाकी दायित्व | | १,२३,८६८ | |
| | | | २०७९/०३/१५ | दिनेश निर्माण सेवा | विद्यालय कक्षाकोठा निर्माण अनुदान | | १,२३,००० | |
| | | | २०७८/०५/११ | सन्तोष कुमार वन्जारा | सवारी साधन तथा मेशिनर औजार भाडा | | १,००,००० | |
| | | | २०७८/०६/१४ | सन्तोष कुमार वन्जारा | भैपरि खर्च | | ६०,००० | |
| | | | २०७८/०८/०२ | अरुण कुमार राय | सवारी साधन तथा मेशिनर औजार भाडा | | १,००,००० | |
| | | | २०७८/०८/०२ | मनोज कुमार यादव | पदाधिकारी तथा कर्मचारी भ्रमण खर्च | | १,००,००० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०७८/०८/२०</td><td>अरुण कुमार राय</td><td>अवलोकन खर्च</td><td></td><td>१,००,०००</td></tr>
<tr><td>२०७८/०८/२०</td><td>सन्तोष कुमार वन्जारा</td><td>अवलोकन खर्च</td><td></td><td>२,००,०००</td></tr>
<tr><td>२०७८/१०/२८</td><td>मिलन खतिवडा</td><td>खेलकुद सामाग्री वितरण</td><td></td><td>५०,०००</td></tr>
<tr><td>२०७८/१२/१७</td><td>फिरोज अन्सारी</td><td>समपुरक कोष</td><td></td><td>१,००,०००</td></tr>
<tr><td>२०७९/०३/०९</td><td>दिपेन्द्र कुमार शर्मा</td><td>सभा सञ्चालन खर्च</td><td></td><td>९००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td><td>२४७०७३३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>आन्तरिक श्रोत व्यवस्थापन</td><td></td></tr>
<tr><td>१६.१</td><td></td><td></td><td>राजस्व परिचालन - पालिकाले तयार गरेको प्राप्ति तथा भुक्तानी हिसाब अनुसार यो वर्ष आन्तरिक आयबाट रू १० करोड ४८ लाख प्राप्त गर्ने अनुमान गरेकोमा रू. १० करोड १० लाख ५० हजार ( ९६.४२ प्रतिशत) प्राप्त गरेको छ । पालिकाको गत वर्षको नगद मौज्दात रू. ७ करोड ८५ लाख ५४ हजार , राजश्व बाँडफाँडबाट रू. ८ करोड ९१ लाख २२ हजार र आन्तरिक आयबाट रू.१ करोड १९ लाख २८ हजार देखीएको छ । नेपाल सरकारको अनुदान समेतको कुल प्राप्ति रू. ५३ करोड २ लाख २६ हजार रहेको छ । पालिकाको यस वर्षको कुल प्राप्तिको आन्तरिक स्रोतको आय २.२४ प्रतिशत मात्र देखिएको छ । राजस्व तथा शुल्कको दायरा विस्तार एवं पुनरावलोकन गरी आन्तरिक स्रोत परिचालनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६.२</td><td></td><td></td><td>करदाताको अभिलेखः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर, भवन निर्माण अनुमति दस्तुर, घरजग्गा बहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क लगायत उठाउने व्यवस्था रहेको छ । पालिका भित्र</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझिलिने परिपाटी रहेकोले राजश्व असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी सबैलाई करको दायरामा ल्याउनु पर्दछ । | |
| १६.३ | | | **सरकारद्धरा निर्मित भवनको नक्सा पास —** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद ७ मा पालिका क्षेत्रभित्र भवन निर्माण गर्न चाहने, व्यक्ति, संस्था वा सरकारी निकायले भवन निर्माण गर्न प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहबाट नक्सा तथा डिजाइन स्वीकृत गराउनुपर्ने उल्लेख छ । यो वर्ष पालिका तथा सरकारी कार्यालयले निर्माण गरेको भवन र संयुक्त आवासको ऐनको व्यवस्था बमोजिम नक्सा तथा डिजाइन स्वीकृत गराएको र सो को राजश्व असुली गरेको पाइएन । ऐनको व्यवस्था बमोजिम नक्सा तथा डिजाइन स्वीकृत गरेको नदेखिएकोमा अनुगमन तथा जाँचबुझ गरी कानुन बमोजिम कारबाही गरीनुपर्दछ । | |
| १६.४ | | | **बक्यौता असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्काबापत बक्यौता रकमसमेत असुली गर्ने व्यवस्था छ । पालिकाले विगत वर्षको रू.१ लाख ९९ हजार ३७९ असुल गर्न बाँकी रहेको र सोको लगत तयार गरी अद्यावधिक गरेको देखिएन । बक्यौता राजस्वको लगत तयार गरी असुलीको कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ । साथै देहाय बमोजिम चालु वर्षको उठ्न बाँकी रकम सम्झौता बमोजिम बैक जमानत जफत गरी सम्झौता बमोजिम असुल गर्नुपर्ने रु | ३,७१५,५०० |

| ठेकेदारको नाम | आयको नाम | यस वर्षको असुल गर्न बाँकी रकम |
|---|---|---|
| विराट माछा फर्म | माछा ठेक्का | ३५५२००० |
| लालि सर्दार | दिग्ही पोखरी | ७०००० |
| राजेश कुमार चोधरी | द्धैता पोखरी | ९३५०० |
| जम्मा | | ३७१५५०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६.५</td><td></td><td></td><td>नगद हिसाबः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । सो अनुसार पालिकाले नगद/चेक/भौचर रकम प्राप्त गर्दा नगदी रसिद म ले प फा नं १०१, दैनिक आम्दानी किताब म ले प फा नं १०२, गोश्वरा भौचर म ले प फ नं १०३, राजश्वको शिर्षकगत खाता म ले प फ नं १०४ र राजश्व आम्दानीको बैंक नगदी किताब म ले प फ नं १०८ समेत राख्नुपर्दछ ।पालिकामा वडा कार्यालयहरु तथा कार्यपालिकाको संकलन केन्द्रमा प्राप्त आम्दानी रकमको दखिला प्रमाण को अभिलेख (म ले प फ नं १०२ र राजश्वको शिर्षकगत खाता म ले प फ नं १०४) बैक भौचर वेगर बैक स्टेटमेन्ट आधारमा गोश्वरा भौचर (म ले प फ नं १०३) बाँधेको देखिएकोले कार्यलयमा प्राप्त सबै नगद दाखिला भए नभएको एकिन भएन । यस सम्बन्धमा कार्यालयले एकिन गरी नगद बाकी भए दाखिला गराई महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>आय ठेक्कामा मु.अ.कर<br>मुल्य अभिबृद्धि कर ऐन २०५२ को दफा १५ (३) मा स्थानिय तहले मुल्य अभिबृद्धि कर लाग्ने बस्तु वा सेवा बिक्रि गर्दा कर असुल उपर गनुपर्ने ब्यबस्था छ । पालिकाले यस बर्ष देहायको आय ठेक्कामा ऐन वमोजिम लाग्ने मुल्य अभिवृद्धि कर सम्बन्धितबाट असुल गरी दाखिला गरेको नपाइएकोले ऐनको उल्लेखित ब्यबस्था वमोजिम मुल्य अभिवृद्धि कर दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>सि.नं.</th><th>ठेकेदारकोनाम</th><th>बिबरण</th><th>सम्झौता रकम</th><th>मु.अ.कर रकम</th></tr>
<tr><td></td><td>विराट माछाफर्म प्रालि</td><td>बर्जु तालपूर्वपट्टिको पोखरी</td><td>३५५२०००</td><td>४६१७६०</td></tr>
<tr><td></td><td>लालि सरदार</td><td>दिग्हीमाछापोखरी</td><td>७००००</td><td>९१००</td></tr>
<tr><td></td><td>राजेशकुमार चौधरी</td><td>दैता पोखरी</td><td>९३५००</td><td>१२१५५</td></tr>
</table></td><td>४८३,०१५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा ४८३०१५ | |
| १८ | | | **बर्जुतालको माटो बिक्रि**<br>प्रदेश आर्थिक ऐन २०७८ को अनुसुचि ४ मा फिलिङ माटो भरौटको प्राकृतिक स्रोत संकलन तथा विक्रि शुल्क प्रति घन फिट रु ३ का दरले असुल गर्नुपर्ने व्यवस्था छ । वडा नं ६ को वडा कार्यालयले वडा समितिको निर्णयबमोजिम बर्जुतालको माटो प्रति घनमिटर रु ४० का दरले विक्रि गरी १२०९० घन मिटरको हुने रकम रु ४८३६००।०० पालिकाको आन्तरिक राजस्व खातामा जम्मा गरेको प्रतिवेदन पेश गरेको र उक्त पोखरीबाट यस वर्ष निकालिएको माटोको परिमाण के कति हो प्राविधिक पुष्टयाई गरेको देखिएन ।प्रदेश आर्थिक ऐन २०७८ ले तोकेको दरभन्दा घटी दरमा विक्रि देखिएको १२०९० घन मिटरको ६६ का दरले हुने ७९७९४०।०० पालिकालाई नोक्सान भएको देखिएको र उक्त पोखरिबाट कति माटो निकालि विक्रि भयो प्राविधिकबाट पुष्टयाई नगरेकोले सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्ने रु | ७९७,९४० |
| १९ | | | **बर्जुतालको माछा बिक्रि**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र कर बापतको बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । बर्जुताल मुख्यत २ वटा ताल रहेको मध्ये पुर्व तर्फ रहेको तालमा वार्षिक माछा ठैक्का रु ३५५२००० मा लागेको छ भने सो भन्दा बढी क्षेत्र ओगटेको पश्चिमपट्टी अर्को तालमा अमानतवाट माछा बिक्रि कार्य वडा न ६ वडावाट हुने गरेको तर माछा विक्रिको नगद संकलन. आम्दानी दाखिला भौचर पेश नभएको सम्त्रन्धमा छानबिन गरी आय रकम दाखिला गर्नुपर्ने एकिन गर्नुपर्ने देखिन्छ । | |
| २० | | | **पुजिगत खरिद तथा भुक्तानी** | |
| २०.१ | | | **बढी भुक्तानी**-आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिंदा रीत पुगे, नपुगेको जाँच गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सम्पन्न भएको कामको नापी किताबमा प्रमाणित भएको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट निर्माण कार्यको विल देहाय बमोजिम भुक्तानी दिईदा नापी किताबमा एवं बिलमा उल्लेख भएको वास्तविक कार्य परिमाण, बिल र संलग्न प्रमाणभन्दा बढी भुक्तानी भएकोले असुल गर्नुपर्ने रु | ३९७,८१९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>आपुर्तिकर्ता</th><th>कार्य</th><th>गो भौ नं</th><th>भुक्तानी खर्च</th><th>मुल्याङकन रकम</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>उत्तरा कन्ट्रक्सन एन्ड सप्लायर्स</td><td>प्रशासकीय भवन निर्माण</td><td>१०७।२०७८।१।७<br>३।२०७८।१।१३<br>Cgas बाट प्रशासकीय भवन निर्माण दोश्रो रनिङ विल<br>५२।२०७८।९।६<br>९४।२०७८।१।८</td><td>२००००००<br>२६४२०००<br><br>२०९०९२४<br>२६३९८८३।६९<br>१०९४६४०</td><td>१०१६७६३८।९४</td><td>२९९७६९</td></tr>
<tr><td>जोशि निर्माण सेवा प्रा लि</td><td>रामजानकी पर्यटन पूर्वाधार</td><td>१६।१०७८।११।२५<br>१०७।२०७७।१।२५<br>२५०।२०७९।३।२७</td><td>३७८००००<br>१४५६२७०<br>२६३७५९४</td><td>७७७८८१४</td><td>९८०५०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१७५४८६३३</td><td>१७९४६४५२</td><td>३९७८१९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०.२</td><td></td><td></td><td>अमानत कार्य :सार्वजानिक खरिद नियमावली २०६४ को नियम ९८ मा सार्वजानिक निकायले अमानत बाट काम गर्न एक तह माथिको अधिकारीको पुर्व स्वीकृति लिनुपर्ने र त्यस्तो विधिवाट कार्य गर्नु परेमा काम एक लाखमा नबढाई खण्ड खण्ड गरी वा सम्वन्धित काम आवस्यक निर्माण सामाग्री उपलब्ध गराई ज्यालामा दिन सकिने व्यवस्था छ । पालिकाकाले कर्मचारी तथा निर्वाचित वडा अध्यक्ष तथा सदस्य मार्फत पटक पटक अमानत मार्फत निर्माण कार्य गराइ तपशिल बमोजिम रु ११४८०५९ खर्च लेखी भुक्तानी दिएको छ। सार्वजानिक खरिद नियमावली बमोजिम एक तह माथीको पूर्व स्विकृति लिएको नदेखिएकोले यस्तो कार्य नियन्त्रण गरिनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| क्र.सं | गो.भौ.नं./मिति | अमानत बाट गरेको निर्माण कार्यको विवरण | भुक्तानी लिने | भुक्तानी रकम |
|---|---|---|---|---|
| 1 | २४/०७८/६/२५ | लिपट सवाडिको कुल सडक देखि उत्तर धमनाहा खोला सम्म जाने बाटो मर्मत | वडा सदस्य सुगन चौधरी | ९८५५० |
| 2. | २९/०७८/७/५ | सितागंज स्वास्थ्य चौकी देखि दक्षिण वर्जु गा.पा वडा नं. 3 को सिमाना सम्म बाटो मर्मत | रामचन्द्र पेश्कार | ९५९०८ |
| 3. | ३३/०७८/७/११ | रामकुमार चौधरीको घर देखि इस्लाम पुर जाकिर मियाको घर सम्मको बाटो मर्ममत | मन्सारिया कुमारी थरुनी | ९८५३१ |
| 4. | ५५/०७८/९/८ | वडा नं.2 को मुल सडक देखि अमदुवा जाने ग्रावेल सडक मर्मत | आनन्द यादव | १२५४२ |
| 5 | ७४/०७८/१०/४ | नेपाल राष्ट्रिय माध्यामिक विद्यालय तथा कम्पाउण्ड वाल भित्र माटो पुर्ने | मनोज कुमार गुरुङ | ९७२९६ |
| 6. | ७५/२०७८/१०/०४ | जय नगर रोडको मस्जित जाने बाटो मर्मत | महमत रजाक मिया | ९९९४० |
| 7. | ७९/०७८/१०/१६ | शिव नारायण कामतको घर देखि बालेश्वरको घर सम्मको बाटो मर्मत | राम चन्द्र पेश्कार | ९५५७२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>8.</td><td>१०४/२०७८/११/२२</td><td>शिब कालिका मन्दिर घेरावारा निर्माण</td><td>सम्पतलाल चौधरी</td><td>६९९०४</td></tr>
<tr><td>9.</td><td>१०५/२०७८/११/२३</td><td>स्वास्थ्य चौकि वडा नं. 1 मा पार्किङ स्थल निर्माण</td><td>मञ्जु दहाल</td><td>९७०९७</td></tr>
<tr><td>10.</td><td>१११/०७८/१२/६</td><td>जम्दार थान मन्दिर निर्माण</td><td>मनोज कुमार गुरुङ्</td><td>९८०७९</td></tr>
<tr><td>11.</td><td>१५३/०७९/१/९</td><td>साविक चिम्डि 6 मा अवस्थित खेल मैदान मर्मत र माटो सम्याउने काम</td><td>कैलाशराज केसी</td><td>६८७३३</td></tr>
<tr><td>12.</td><td>१६१/२०७९/१/२१</td><td>6 नं. वडा कार्यालय परिसर भित्र माटो पुरी ग्राभेल गर्ने कार्य</td><td>कैलाशराज केसी</td><td>९५१११</td></tr>
<tr><td>13.</td><td>१६९/२०७९/२/१९</td><td>वडा कार्यालय जाने बाटोमा माटो पुर्ने काम</td><td>कैलाशराज केसी</td><td>७०८४४</td></tr>
<tr><td>14.</td><td>२०९/०७९/३/२४</td><td>कोस्का महारानी थानको घर निर्माण</td><td>पवन कुमार मेहता</td><td>४९९९०</td></tr>
<tr><td colspan="4">जम्मा रु</td><td>११४८०५९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०.३</td><td></td><td></td><td>भ्युटावर निर्माणः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा १० को उपदफा १ मा आयोजना तथा कार्यक्रमको लागि बजेट प्रस्ताव गर्दा बजेट प्रस्ताव गर्दा बढी प्रतिफल र उपलब्धि प्राप्त हुने तुलनात्मक बढी लाभ भएका र सामाजिक उच्च लाभ भएका आयोजना तथा कार्यक्रमको प्रस्ताव पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले बर्जु तालको छेउमा रहदा भ्यु टावर निर्माण गर्न आ व २०७६।७८ देखि वजेट विनियोजन भई आ व २०७७।७८ र २०७८ ७९ सम्ममा रु १३३८१३२२ खर्च भएको र</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>निर्माण कार्य सम्पन्न भएको छैन । बर्जु तालको उचित संरक्षण गर्नुपर्ने अवस्था र पालिकामा अन्य भौतिक पूर्वाधार निर्माण गर्न अति आवश्यक भएको परीप्रेक्ष्यमा सिमित साधन प्रयोग गरी भ्यू टावर जस्तो उच्च लागतको तत्काल प्रतिफल नदिने योजनामा बजेट विनियोजन गर्दा तत्काल प्रतिफल नदिने भएकोले अनुत्पादक कार्यमा खर्च घटाई तत्काल अति आवश्यक कार्यमा बजेट विनियोजन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२०.४</td><td></td><td></td><td>सफ्टवयेर खरिद: नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को दफा ३(२) मा सरकारी निकायले प्रयोग गर्ने सुचना प्रविधि प्रणाली प्रविधिक समितिको सिफारिसमा निर्देशक समितिले निर्धारण गरेको मानक बमोजिम हुनुपर्ने र निर्देशिकाको दफा ४ मा सुचना प्रवधि प्रणाली मानक बमोजिम भए नभएको सूचना प्रविधि विभागबाट प्रमाणिकरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहाय सफ्टवयेर कार्यालयमा जडान गरी प्रयोगमा ल्याएको प्रमाणको साथै सो निर्देशिकाको मानक बमोजिम भए नभएको सूचना प्रविधि विभागबाट प्रमाणिकरण गरिनुपर्दछ ।<br>
<table>
<tr><th>गो.भौ.नंरमिति</th><th>विवरण</th><th>फर्मकोनाम</th><th>रकमरु</th></tr>
<tr><td>८।२०७८।५।९</td><td>स्थानिय तह कर्मचारी सुचना प्रणालि</td><td>साग्रिल ईन्फरमेशन प्राप्रा.लि.</td><td>४९८३३०</td></tr>
<tr><td>१५।२०७८।५।११</td><td>पेरोल सप्टवयेर</td><td>साई छन्टरप्रईजेज प्रा लि</td><td>२४५७७५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>७४४१०५</td></tr>
</table></td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>जग्गा खरिद<br>जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ (क) मा प्रदेश तथा स्थानीय तहद्वारा सन्चालन गरिने परियोजनाको लागि जग्गा आवश्यक पर्ने भएमा सम्बन्धित प्रदेश वा स्थानीय तहले यस ऐन बमोजिमको मुआब्जा र अन्य सबै खर्च व्यहोर्ने गरी कुनै जग्गा प्राप्त गराई दिन</td><td>८००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नेपाल सरकार समक्ष अनुरोध गरेमा नेपाल सरकारले त्यस्तो जग्गा प्रदेश वा स्थानीय तहलाई जग्गा प्राप्त गराई दिने गरी निर्णय सक्ने व्यवस्था छ ।३२९।०७८।७।१६ मा बर्जु गाउँपालिका वडा नं ४ हरवोनीमा सशस्त्र प्रहरी बल, नेपालले प्रस्तावित गरेको बोर्डर आउट पोष्ट निर्माणका लागि आवश्यक पर्ने ६ कठ्ठा मध्ये ४ कठ्ठा जग्गा अनुदान प्राप्त भएको तथा बर्जु गाउँपालिका वडा नं ४ को कार्यालयद्वारा प्रति कठ्ठा ४ लाखका दरले २ कठ्ठा जग्गा खरिद गरिदिने भनि पालिका र नेपाल बोर्डर आउट पोष्ट साहेबगन्जबीच भएको सम्झौता अनुसार २०७८।०७९ को लागि स्वीकृत बजेट अन्तर्गतको सशस्त्र बेश क्याम्पको जग्गा खरिद वापतको भुक्तानी शीर्षकबाट ३ लाख र भैपरी आउने खर्च शीर्षकबाट ५ लाख भुक्तानी भएको देखिएकोले जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम जग्गा खरिद गरिनुपर्ने रु | |
| २२ | | | **ट्यावलेट खरिद**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ती गरिएका मालसामान सम्झौतामा उल्लेखित स्पेसिफिकेसन बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले रु ३०००००।०० मा युनिक मोवाईल स्टोरबाट ६ थान ट्यावलेट खरिद गरेकोमा खरिद भएको ट्याबलेट निर्धारित स्पेसिफिकेसन बमोजिमको भए नभएको जाँच गरी प्रतिवेदन पेश हुनुपर्दछ । | |
| २३ | | | **सफ्टवयेर खरिद**<br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को दफा ३ (२) मा सरकारी निकायले प्रयोग गर्ने सुचना प्रविधि प्रणाली प्रविधिक समितिको सिफारिसमा निर्देशक समितिले निर्धारण गरेको मानक बमोजिम हुनुपर्ने र निर्देशिकाको दफा ४ मा सुचना प्रवधि प्रणाली मानक बमोजिम भए नभएको सुचना प्रविधि विभागबाट प्रमाणिकरण गर्नुपर्ने व्यवस्था छ ।1249/2079/3/24 मा गाउँपालिकाले एकिकृत सफ्टवेर प्रणाली खरिदको लागि भोलकस सफ्ट प्रा.लि. मध्यपुर ठिमी भक्तपुरसंग सम्झौता गरी रु ९९७७९० भुक्तानी गरेकोमा सूचना प्रविधि विभागबाट प्रमाणिकरण गर्नुपर्नेमा देखिएन साथै सम्झौताको शर्तानुसार रु ४८५९० को सफ्टवयेर चलाउन तालिम प्रदान गर्नुपर्ने व्यवस्था भएकोमा तालिम गराएको नदेखिएकोले असुल गर्नुपर्ने रु | ४८,५९० |
| २४ | | | **बैठक भत्ता**<br>प्रदेश नं. १ को गाउ तथा नगर सभाको सदस्यहरुको सुविधा सम्बन्धि ऐन २०७५ को दफा ३ मा पदाधिकारीहरुको बैठक भत्ता प्रतिबैठक रु १००० का दरले पाउने व्यवस्था छ । पालिकाबाट गाउँ कार्यपालिका सदस्य तथा वडा सदस्य गरी जम्मा ३४ जनाले | ६८०,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>नियमित रुपमा पदाधिकारी सुविधाको भरपाईबाट मासिक २ वटा बैठकको माइन्युट पेश नगरी भुक्तानी लिई पुन अन्य बैठकको भत्ता समेत लिएकोले माइन्युट पेश नगरि लिएको भत्ता जम्मा रकम रु ६८०००० सम्बन्धितबाट असुल गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने रु</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>अनुगमन भत्ता<br>प्रदेश नं. १ को गाउ तथा नगर सभाको सदस्यहरुको सुविधा सम्बन्धि ऐन २०७५ को दफा ३ को अनुसूचि १ क मा गाउपालिकाका पदाधिकारीलाई अनुगमन प्रतिवेदन पेश गरीसकेपछि अनुगमन भत्ता मासिक रुपमा पाउने व्यवस्था छ । गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षले मासिक रु 10000 हजार र वडा अध्यक्षले मासिक रु 4000 का दरले अनुगमन भत्ता भुक्तानी लिएकोमा पुन गोश्वारा भौचर नम्बर 556/ 2078/9/22 बाट योजना तथा आयोजना अनुगमन वापत अनुगमन भत्ता तपशिल अनुसार को रु 20400/- भुक्तानी लिएको देखिन्छ । तसर्थ दोहोरो भुत्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु ....
<table>
<tr><th>क्र.सं.</th><th>पदाधिकारीको नाम,थर</th><th>पद</th><th>बुझिलिएको रकम</th></tr>
<tr><td>1.</td><td>रघुनन्दन चौधरी</td><td>गा.पा. अध्यक्ष</td><td>5100/-</td></tr>
<tr><td>2.</td><td>संगिता कुमारी राय</td><td>गा.पा. उपाध्यक्ष</td><td>5100/-</td></tr>
<tr><td>3.</td><td>सम्पतलाल चौधरी</td><td>वडा अध्यक्ष</td><td>5100/-</td></tr>
<tr><td>4.</td><td>रम्भा देवी चौधरी</td><td>का.पा. सदस्य</td><td>5100/-</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२०४००</td></tr>
</table></td><td>२०,४००</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>दरबन्दी बाहिरका शिक्षकलाई तलब भत्ता<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका विद्यालय शिक्षक , कर्मचारी , बालविकासका सहजकर्ताको तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था भएको र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्यकोषबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानीकरण रकमको उपयोग गर्दा सो</td><td>१४०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>रकमबाट विनियोजन अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवं सञ्चालन आदिमा विनियोजन गरी खर्च गर्न नपाईने व्यवस्था छ । गो.भौ.न ११४०/०७९/३/२० मा गाउँपालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका देहायका बालविकास सहजकर्तालाई यस वर्ष वित्तीय समानीकरण अनुदानबाट तलबभत्ता भुक्तानी भएको देखिन्छ ।उल्लेखित ऐन तथा मार्गदर्शन विपरीत शिक्षक, कर्मचारी, वालबिकासका सहजकर्तालाई वित्तीय समानीकरणबाट दिन मिल्ने नदेखिएकोले नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>क्र.सं.</th><th>नामथर</th><th>विद्यालयको नाम</th><th>तलब</th><th>पोशाकभत्ता</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>हरिमाया चौधरी</td><td>श्री मजदुर आ.वि.</td><td>६००००</td><td>१००००</td><td>७००००</td></tr>
<tr><td>२</td><td>ममता कुमारी मेहता</td><td>श्री पूर्णदिवी आ.वि.</td><td>६००००</td><td>१००००</td><td>७००००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>१४००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>यातायात खर्च<br>प्रदेश नं. १ को गाउ तथा नगर सभाको सदस्यहरुको सुविधा सम्बन्धि ऐन २०७५ को दफा ३ अनुसूचि १ मा पदाधिकारीहरुले सवारी साधन उपलब्ध नभएमा मात्र यातायात खर्च अध्यक्षले मासिक रु १०००० र वडाध्यक्षले मासिक रु ४००० का दरले पाउने व्यवस्था छ ।पालिकाबाट सवारी साधन लिएका देहाय बमोजिमका पदाधिकारीहरुले मासिक रुपमा यातायात खर्च भक्तानी लिएको पाइयो ।तसर्थ यातायात खर्च दोहोरो भुक्तानी भएको रु.२३८००० सम्बन्धितबाट असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>क्र.सं.</th><th>पदाधिकारी</th><th>पद</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>रघुनन्दन चौधरी</td><td>गाउँपालिका अध्यक्ष</td><td>श्रावण-माघ</td><td>७००००</td></tr>
<tr><td>२</td><td>श्याम गुरुङ</td><td>वडा अध्यक्ष</td><td>श्रावण-माघ</td><td>२८०००</td></tr>
<tr><td>३</td><td>आनन्द यादव</td><td>वडा अध्यक्ष</td><td>श्रावण-माघ</td><td>२८०००</td></tr>
</table></td><td>२३८,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>प्रदिप कुमार चौधरी</td><td>वडा अध्यक्ष</td><td>श्रावण-माघ</td><td>२८०००</td></tr>
<tr><td>५</td><td>सम्पतलाल चौधरी</td><td>वडा अध्यक्ष</td><td>श्रावण-माघ</td><td>२८०००</td></tr>
<tr><td>६</td><td>किशोर चौधरी</td><td>वडा अध्यक्ष</td><td>श्रावण-माघ</td><td>२८०००</td></tr>
<tr><td>७</td><td>विनोध कुमार चौधरी</td><td>वडा अध्यक्ष</td><td>श्रावण-माघ</td><td>२८०००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२३८०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>वितरण भरपाई<br>आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९ (५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको भुक्तानीगर्दा खर्च पुष्टि गर्ने प्रमाण कागजात पेश नभएकोले पुष्ट्याई कागजात पेश गर्नु पर्ने रु
<table>
<tr><td>गोभौनं./मिति</td><td>भुक्तानी पाउने</td><td>प्रयोजन</td><td>रकम</td><td>कैफियत</td></tr>
<tr><td>२८०/२०७८-७-११</td><td>दिपीका कृषि केन्द्र</td><td>उन्नत जातको विउविजन खरिद गरेको</td><td>२७००००</td><td>कृषकलाई वितरण गरेको भरपाई नरहेको</td></tr>
<tr><td>३५३/२०७८-८-१</td><td>भुमि सिड्स कम्पनी प्राली बाट भएको</td><td>उन्नत जातको विउविजन खरिद</td><td>४९९८००</td><td>विउविजनको दाखिला तथा कृषकलाइ वितरण गरेको भरपाइ प्रमाण नदेखिएको</td></tr>
</table>
</td><td>४,४७३,८१५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>426/2078/8/20</td><td>प्रदिप कुमार चौधरी</td><td>वडा नं. 3 को बाढि पिडितलाई राहत वितरण गर्ने</td><td>600000</td><td>राहत कति जना पडितलाइ के कतिका दरले वितरण गरिएको हो भन्ने यथेष्ट प्रमाण/भरपाई नभएको</td></tr>
<tr><td>427/2078/8/20</td><td>सम्पतलाल चौधरी</td><td>वडा नं. 4 को बाढि पिडितलाई राहत वितरण गर्ने</td><td>२८१०००</td><td>राहत कति जना पडितलाइ के कतिका दरले वितरण गरिएको हो भन्ने यथेष्ट प्रमाण/भरपाई नभएको</td></tr>
<tr><td>428/2078/8/20</td><td>अध्यक्ष स्वयम किशोर कुमार चौधरी</td><td>वडा नं. ५ को बाढि पिडितलाई राहत वितरण गर्ने</td><td>१५६०१५</td><td>राहत कति जना पडितलाइ के कतिका दरले वितरण गरिएको हो भन्ने यथेष्ट प्रमाण/भरपाई नभएको</td></tr>
<tr><td>432/2078/8/20</td><td>वडा सचिव रामचन्द्र पेश्कार</td><td>वडा नं. २ को बाढि पिडितलाई राहत वितरण गर्ने</td><td>२१७०००</td><td>राहत वितरण गरेको प्रमाण/ भरपाई नभएको</td></tr>
<tr><td>438/2078/8/20</td><td>वडा अध्यक्ष श्याम कुमार गुरुङ</td><td>वडा नं. १ को बाढि पिडितलाई राहत वितरण गर्ने</td><td>१७५०००</td><td>उक्त राहत वितरण गरेको प्रमाण/ भरपाई नभएको</td></tr>
<tr><td>४३९।०७८।८।२६</td><td>दिपिका कृषि केन्द्रले</td><td>५० प्रतिशत अनुदानमा उन्नत जातको गहुँको बीउ खरिद तथा आपूर्ति</td><td>२१०००००</td><td>कृषकले जम्मा गरेको रकमको भौचर र वितरणको भरपाई बेगर भुक्तानी</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४३८।२०७८।८।२६</td><td>वडा नं १ का वडाध्यक्ष श्याम कुमार गुरुङ</td><td>बाढी पीडितहरुलाई राहात सामाग्री वितरण</td><td>१७५०००</td><td>राहत सामाग्री वितरणको भरपाई पेश नभएको</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४४७३८१५</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>
बढी भुक्तानी<br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०)मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले भुक्तानी गरेको देहाय गोश्वारा भौचरको बिल भरपाई भन्दा बढि भुक्तानी दिएकोले सम्बन्धितबाट असुल गर्नु पर्ने रु
<table>
<tr><th>गोभौनं./मिति</th><th>कार्य</th><th>भुक्तानी पाउने</th><th>भुक्तानी दिनुपर्ने</th><th>भुक्तानी दिएको</th><th>बढि भुक्तानी</th></tr>
<tr><td>१३/२०७८/४/२७</td><td>त्रिलोक नाथ शिव मन्दिर पुजा समितिलाई आर्थिक सहायता</td><td>त्रिलोक नाथ शिव मन्दिर पुजा समिति</td><td>११५००</td><td>१४७७५</td><td>३२७५</td></tr>
</table>
</td><td>१५,८२५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१७९/२०७८/६/१९</td><td>वडा नं. २ कार्यलयको मसलन्द खर्च तथा दै.भ्र.भत्ता</td><td>वडा सचिव रामचन्द्र पेश्कार</td><td>७२५००</td><td>७५०४९</td><td>२५५०</td></tr>
<tr><td>२३२/२०७८/६/२४</td><td>वडा नं. १ कार्यालयलाई वडा सञ्चालनको रकम भुक्तानी</td><td>वडा सचिव मिलन खतिवडा</td><td>४१६००</td><td>५१६००</td><td>१००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td></td><td>१५८२५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>
विल भरपाई<br>
आर्थिक कार्यविधि तथा उत्तरदायित्त्व नियमावलि २०७७ को नियम ३९ (५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ ।देहाय बमोजिमको भुक्तानीमा खर्च पुष्टि गर्ने प्रमाण कागजात पेश नभएकोले पुष्ट्याई कागजात पेश गर्नु पर्ने रु
<table>
<tr><td>गोभौनं./मिति</td><td>विवरण</td><td>रकम</td><td>कैफियत</td></tr>
<tr><td>126/2078/6/14</td><td>जनसताब्दि पत्रिकालाई भुक्तानी</td><td>२०००००</td><td>खर्चको प्रमाण/ सम्झौता/ विल भरपाई विना भुक्तानी</td></tr>
<tr><td>160/2078/6/16</td><td>शैक्षिक संस्थालाई सहायता शिर्षकबाट भुक्तानी</td><td>२२५०००</td><td>कुन शैक्षिक संस्थालाई कति सहायता भन्ने पुट्याइका कागजात नभएको</td></tr>
</table>
</td><td>१,३०१,११७</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>238/2078/6/24</td><td>मसलन्द तथा कार्यलय समाग्री शिर्षक बाट फेन्ज्स एडभरटाइजिङ र युवा सप्लायर्सलाइ भुक्तानी दिएको</td><td>289777</td><td>प्रमाणित गर्ने कागजातहरु नभएकोले</td></tr>
<tr><td>382/2078/8/9</td><td>घनश्याम राय अमातलाई भुक्तानी</td><td>१६९०</td><td>खर्चलाई पुष्ट्याइ गर्ने कागजात तथा प्रमाण विना भुक्तानी</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१३०१११७</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>सुरक्षित नागरिक आवास<br>सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५ को दफा ५ मा स्थानीय तहसंग सम्झौता भएपछि पहिलो किस्ता बापत ६० प्रतिशत रकम उपलब्ध गराउने र पहिलो किस्ताबाट जस्तापाता र काठ लगायतको सामग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनि सम्बन्धित स्थानीय तहको प्राविधिकबाट प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा दोस्रो वा अन्तिम किस्ता बापतको ४० प्रतिशत अनुदान रकम उपलब्ध गराउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले प्रथम किस्ता बापत १३० घरपरिवालाई प्रथम किस्ता रकम ३०००० का दरले रु ३९०००००।०० उपलब्ध गराएकोमा निर्माण कार्यको अनुगमन गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>दिवा खाजा<br>कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. 2.7.11.1 मा स्थानीय तहले विद्यालयमा प्रत्यक्ष कक्षा संचालनमा रहेको दिनका लागि मात्र सामुदायिक विद्यालयका बालविकास कक्षा देखी कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुका लागि प्रति विद्यार्थी १५ का दरले १८० दिनको दिवा खाजा अनुदान निकासा दिनुपर्ने तथा विद्यार्थीको दैनिक हाजिरि पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई संख्या एकीन भएपछि अनुदान रकम सदुपयोग भएको सुनिश्चित गरेरमात्र थप अनुदान दिनुपर्ने व्यवस्था छ । गाउपालिकाले अन्तर्गतका विद्यालयहरुलाई दिवा खाजाका लागि रु ४३२७११२।०० निकासा दिएकोमा विद्यालयले विद्यार्थिलाई दिवा खाजा नखुवाई रकमनै विद्यार्थि तथा अविभावकलाई बुझाएको भरपाई पेश गरेकोले कार्यविधिमा खाजाखर्च नगद वितरण गर्ने व्यवस्था नदेखिएकोले अनियमित रु</td><td>४,३२७,११२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३३</td><td></td><td></td><td>वढी निकासा<br>कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.१३.३ मा प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई सामग्री अनुदान तोकिए अनुसार दिने व्यवस्था छ । उक्त अनुदान दिँदा लक्ष्मी आविको इसिडि कक्षाको इमिसमा १३ विद्यार्थि रहेकोमा ३० विद्यार्थीको निकासा दिएकोले १७ विद्यार्थीको ५०० का दरले ८५०० बढी निकासा भएको पाइयो । बढी निकासा भएको रकम सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु</td><td>८,५००</td></tr>
<tr><td>३४</td><td></td><td></td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम<br>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम र शैक्षिक गुणस्तर सुदृढीकरण कार्यक्रममा निकासा भएको रकमबाट भएको खर्चको कार्यप्रगति विवरण विद्यालयले पालिका र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पेश गर्नुपर्दछ । देहायका विद्यालयलाई निकासा भएको रकमको कार्यसम्पन्न तथा प्रगति विवरण र खर्च सुनिश्चित हुने अनुगमन प्रतिवेदन पेश भएन । कार्यसम्पन्न पेश हुनुपर्ने रु..
<table>
<tr><td>विद्यालयको नाम</td><td>कार्यक्रम</td><td>निकासारकम</td></tr>
<tr><td>रामसितामावि</td><td>आइसिटिल्याव</td><td>६५००००</td></tr>
<tr><td>श्रीमावि चिमडी</td><td>चारकोठेभवन</td><td>३६०००००</td></tr>
<tr><td>जनकल्याणमावि</td><td>दुइकोठेभवन</td><td>१८०००००</td></tr>
<tr><td>सरस्वतीमावि</td><td>आइसिटिल्याव</td><td>६५००००</td></tr>
<tr><td>जनकल्याणमावि</td><td>आइसिटिल्याव</td><td>६५००००</td></tr>
<tr><td>सार्वजनिकराष्ट्रिय आवि</td><td>आइसिटिल्याव</td><td>६५००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>८००००००</td></tr>
</table></td><td>८,०००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **अनुदानको अनुगमन**<br>संघीय सशर्त अनुदानबाट तोकीएबमोजिम अनुदान दिदा र खर्च गर्दा निर्देशिका अनुसार खर्च गरिनुपर्दछ । पालीकाले मकै पकेट कार्यक्रममा सामाजिक कृषि सहकारी संस्थालाई रु १२०००००।०० अनुदान दिएको पाइयो । दिएको अनुदान रकमबाट सम्झौतामा तोकिए बमोजिमको प्रयोजनमा खर्च गरे नगरेको सम्बन्धमा कार्यालयले अनुगमन गरी सोको प्रतिवेदन तयार गरेको देखिएन । अनुदान रकम निर्धारित कार्यमा खर्च भएको सुनिश्चित हुन अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ । | |
| ३६ | | | **सेनिटरी प्याड**<br>गाउँपालिकाले खरिद गरेको सेनिटरी प्याड सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरी विद्यालयले यसरी प्राप्त सामान जिन्सीमा अभिलेख राखी छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख समेत राख्नु पर्ने कार्यविधिमा उल्लेख छ । सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने सेनिटरी प्याड वितरण कार्यको लागि नगरपालिकाले यस आर्थिक वर्षमा २०३३० थान सेनिटरी प्याड खरीद गरी रु. १४०१३४७।०० खर्च गरेको छ । पालिकाले खरिद गरेको सेनिटरी प्याड छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख राखेको पाइएन। खरिद भएका सामानको प्रभावकारी रुपमा उपयोग भएको प्रमाण पेश हुनुपर्दछ । | |
| ३७ | | | **इन्टरनेट जडान**<br>जडान कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.१३.१० मा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाई व्यवस्थापन गर्ने सबै सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडान गर्ने र जडित इन्टरनेट शुल्क भुक्तानी गर्न प्रति विद्यालय बार्षिक रु १२ हजार अनुदान दिने र इन्टरनेट सुविधाको व्यवस्था र प्रयोगको नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले १६ विद्यालयलाई १९२०००।०० इन्टरनेट व्यवस्थापन अनुदान उपलब्ध गराएकोमा इन्टरनेट व्यवस्थापन र प्रयोगको अनुगमन गरेको प्रमाण पेश भएन । अनुगमन गरी जडान र प्रयोगको अवस्था एकीन गरी जडान तथा प्रयोग नभएका विद्यालयको अनुदान फिर्ता गर्नुपर्ने जडान तथा प्रयोग भएको भए अनुगमन गरी खर्च सुनिश्चित हुने अनुगमन प्रतिवेदन पेश हुनुपर्नेछ । | |
| ३८ | | | **कार्यसम्पादनमा आधारित अनुदान**<br>कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.१३.१३ मा तोकिएको सूचकाङ्कका आधारमा कार्य सम्पादन गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान दिँदा कार्यसम्पादन सूचकको आधारमा विद्यालयलाई प्रस्ताव पेश गर्न लागाउने र अनुदान दिनुपुर्व | ३००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | शिक्षण सिकाई समयापनसम्बन्धि कार्यविधि लागु गरेको सुनिश्चितता हुनुपर्ने व्यवस्था छ । त्यस्तै उत्कृष्ट सिकाई उपलब्धि भएका विद्यालयलाई सिकाई सुदृढीकरण तथा विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान दिँदा तोकीएको आधारमा मापदण्ड तयार गर्ने, प्रस्ताव माग गर्ने पेश भएको प्रस्तावका आधारमा एक उत्कृष्ट विद्यालयलाई एकमुष्ट रुपमा अनुदान दिने व्यवस्था छ । गाउँपालिकाले देहायका विद्यालयलाई रु ४०००००।०० कार्यसम्पादनमा आधारित अनुदान दिँदा शिक्षण सिकाई समयापनसम्बन्धि कार्यविधि लागु गरेको तथा मापदण्ड बमोजिमको प्रस्ताव माग गरी उत्कृष्ट विद्यालय छनौट गरेकोमा तोकिएबमोजिमको कार्य गरेको प्रमाण पेश भएन । उक्त प्रमाण पेश हुनुपर्ने अन्यथा अनुदान रकम असुल गर्नुपर्ने रु.. | |

| विद्यालयकोनाम | अनुदानको प्रकार | रकम |
|---|---|---|
| नेपालराष्ट्रिय मावि | उत्कृष्टसिकाई उपलब्धि भएका विद्यालयलाई सिकाई सुदृढीकरण तथा विद्यालयलाई कार्यसम्पादनमाआधारित अनुदान | २००००० |
| जनतामावि | तोकिएकोसूचकाङ्कका आधारमा कार्य सम्पादन गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारितअनुदान | ५०००० |
| रामजानकीआवि | तोकिएकोसूचकाङ्कका आधारमा कार्य सम्पादन गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारितअनुदान | ५०००० |
| | जम्मा | ३००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत गाउँपालिकामा सूचिकृत बेरोजगार २०८२ रहेकोमा बाटो नाला सरसफाई लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २४३ जनालाई १५ दिन देखी ५१ दिनसम्म रोजगारी उपलव्ध गराई श्रमिक ज्यालामा रु. ४४१८६६६।०० खर्च गरेको छ । उक्त | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>खर्चवाट लक्षित वर्गमध्ये केहीलाई अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा सबैलाई दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन ।</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>सामाजिक सुरक्षा तर्फ</td><td></td></tr>
<tr><td>४०.१</td><td></td><td></td><td>सामाजिक सुरक्षा भत्ता वितरण- सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को प्रावधान बमोजिम गर्नुपर्दछ । सामाजिक सुरक्षामा यस वर्ष रु. ८९७४७३७०/- खर्च भएकोमा देखिएका व्यहोराहरु निम्न अनुसार छन् ।</td><td></td></tr>
<tr><td>४०.२</td><td></td><td></td><td>दोहोरो भुक्तानी सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ ले तोकिदिएको मिति भित्रै लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तथा परिचयपत्रको नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा लाभग्राहीहरुको नाम प्रविष्टी गरी अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । नमुना छनौटको आधारमा वडा नं. १ को सामाजिक सुरक्षा भत्ता रकम वितरणको श्रेष्ता परीक्षण गर्दा पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एकै व्यक्तिको नाममा दोहोरो निकासा हुने गरी दोहोरो खर्च लेखेको पाइयो । तसर्थ पालिकाले लाभग्राहीको लगत अद्यावधिक गरी निम्नानुसार दोहोरो हुने गरी बढी खर्च लेखेको रकम असूल गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.स.</th><th>भत्ताको प्रकार</th><th>लाभग्राही</th><th>वडा नं.</th><th>ना प्र नं</th><th>त्रैमासिक</th><th>रकम</th></tr>
<tr><td>१</td><td rowspan="2">जेष्ठ नागरिक</td><td>सरजु यादव</td><td rowspan="2">१</td><td rowspan="2">३३०६३०२५</td><td>३</td><td rowspan="2">३६०००</td></tr>
<tr><td>२</td><td>सरजु यादव</td><td>३</td></tr>
<tr><td>३</td><td>जेष्ठ नागरिक एकल महिला</td><td>कविता कुमारी गुरुङ</td><td>१</td><td>११००४५/२१००४५</td><td>१</td><td>७९८०</td></tr>
</table>
</td><td>५१,९६०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>विधवा</td><td>कविता कुमारी गुरुङ</td><td></td><td></td><td>१</td><td></td></tr>
<tr><td>५</td><td rowspan="2">विधवा</td><td>तारा देवी उरवन</td><td rowspan="2">१</td><td rowspan="2">०६-०६-७६-०२५२५</td><td>१</td><td rowspan="2">७९८०</td></tr>
<tr><td>६</td><td>तारा देवी उरवन</td><td>१</td></tr>
<tr><td colspan="5">जम्मा</td><td></td><td>५१९६०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०.३</td><td></td><td></td><td>फोटो सहितको मुल अभिलेख - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ३ बुँदा नं. १० मा स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको नियमावलीको अनुसूची ३ बमोजिमको फोटो सहितको मूल अभिलेख अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले तोकिएको ढाँचामा फोटो सहित नागरिकता नम्बर उल्लेख गरी लाभग्राहीको मूल अभिलेख पुर्ण रुपमा राखेको पाइएन । सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि बमोजिम फोटो सहितको मूल अभिलेख अद्यावधिक गरी नराखिएकोले भत्ता पाउने लाभग्राही सहि हो भनी एकिन गर्न नसकिने भएकोले कार्यविधिको पालना गरिनु पर्दछ।</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>वितरण भरपाई<br>सार्वजनिक निकायले मालसामान खरिद गर्दा बजेटमा व्यवस्था भएपनि आवश्यकता र मागका आधारमा गर्नुपर्दछ ।गाउँपालिकाले उद्यम विकास कार्यक्रमको प्रविधि हस्तान्तरण अन्तर्गत ४ थान इम्ब्रोइडरी मेसिन र १ थान थुक्पा मेसिन १५४०००।०० खरिद गरेकोमा हालसम्म पनि वितरण नगरेको पाइयो । आवश्यकता वेगर सामान खरिद गर्ने परिपाटिको अन्त्य गर्दै लाभग्राहीबाट २० प्रतिशत सहभागिता जुटाई सामान वितरणको भरपाई पेश हुनुपर्ने रु</td><td>१५४,०००</td></tr>
<tr><td>४२</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(२)(घ) मा बेरूजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ ।सो ब्यबस्था अन्तरगत पालिकाले यस वर्ष विगतको बेरुजु फर्छ्यौट गरी समपरिक्षणको लागि अनुरोध गरेको छैन । ऐनमा भएको व्यबस्था वमोजिम गत बिगतको बेरुजु फस्यौट गरी सम्परीषण गर्नुपर्दछ ।</td><td></td></tr>
</table>